# नेपाल र भारत सरकारहरूका बीचको व्यापार र वाणिज्यको सन्धिपत्र

नेपाल सरकार र भारत सरकारले आफ्ना दुइ मुलुकका बीचमा व्यापार र वाणिज्य बढाउन र सुगम गराउनाको इरादा गरी त्यसको निमित्त एक व्यापार र वाणिज्यका सन्धिपत्र गर्ने ठहराई सो कामका निमित्त निम्नलिखत व्यक्तिहरूलाई नियुक्त गरी नेपाल सरकारका तर्फबाट श्री ३ महाराज मोहनशमशेर जङ्गबहादुर राणा प्राइम मिनिष्टर एण्ड सुप्रीम कम्याण्डरइनचिफ नेपाल औ भारत सरकारका तर्फबाट नेपालस्थित भारतका राजदूत हिजएक्सेलेन्सी श्रीचन्द्रेश्वर-प्रसाद नारायणसिंहले परस्परको प्रमाणपत्र जाँची ठीक र रीतपूर्वक ठह्र्याएकोले देहायका दफाहरू मन्जूर गरेका छन्।

पहिलो दफा:— भारत सरकारले नेपाल सरकारको पक्षमा तलका दुइ तीन र चार दफामा लेखिएबमोजिम भारतको राज्यक्षेत्र र बन्दरगाहहरूको बाटो गरी सबै माल र तयारी बस्तुहरूको वाणिज्य (वाणिज्य— सबन्धी) ढुवानीको पूर्व र अनिपुन्त्रित हक स्वीकार गर्दछन्।

दोस्रो दफा:—दुइ सरकारका बीचमा यस विषयमा मन्जूर * भएको वा हुने बन्दोबस्तबमोजिम पुनः नेपालमा निकाशी गर्ने अभिप्रायले भारतको कुनै बन्दरगाहमा पैठारी भएको सबै माल बाटामा अदत नफोरी औ भारतको बन्दरगाहमा कुनै प्रकारको महसूल मन्सार नतिरी दुवै सरकारले स्वीकार गरेको नेपालभित्रको ठाउँ ठाउँहरूमा चलान गर्नालाई भारत सरकारले स्वीकृति दिनालाई मन्जूर गर्दछन्।

तेस्रो दफा:— दुइ सरकारका बीचमा यस विषयमा मन्जूर भएको वा हुने बन्दोबस्तबमोजिम नेपालको मालहरू भारतको राज्यक्षेत्रको बाटो गरी नेपालको राज्यक्षेत्रको एक स्वीकृत ठाउँबाट अर्को त्यस्तै ठाउँमा उत्पतिकर (एक्साइज) अथवा पैठारी महसूल नतिरी ढुवानी हुने हक नेपाल सरकारले उपभोग गर्नेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

चौथा दफा:—दुइ सरकारका बीचमा यस विषयमा मन्जूर भएको वा हुने बन्दोबस्तबमोजिम नेपालको स्वीकृत ठाउँ अथवा ठाउँहरुबाट भारतको राज्य क्षेत्र र बन्दरगाहको बाटो गरी भारतबाट बाहिर निकाशी गर्नालाई नेपालको माल तयारी वस्तुहरूको वाणिज्यसम्बन्धी ढुवानीको पूर्ण र अनियन्त्रित हक नेपाल सरकारले उपभोग गर्नेछन्।

पाँचौ दफा:—नेपाल सरकारले भारतबाहिरको मुलुकबाट माल पैठारी गर्दा अथवा त्यस्ता मुलुकहरुमा माल निकाशी गर्दा हाल भारतमा प्रचलित दरमा नघटाई भन्सार महसूल लगाउने कबूल गर्दछन्। भारतमा निकाशी हुने नेपालको उत्पत्ति अथवा नेपालमा बनेको माल भारतमा सो मुलुकमा बनेको अथवा उत्पन्न भएको केन्द्रीय उत्पतितः कर (एक्साइज) तिर्नुपर्ने सोही प्रकारको मालभन्दा कम मोलमा बिक्री हुन नसक्ने गर्नालाई नेपाल सरकारले त्यस्ता मालहरूमा पर्याप्त मात्रामा निकाशी महसूल लगाउने कबूल पनि गर्दछन्।

छैटौं दफा:— नेपाल सरकार र भारत सरकार दुवैले परस्परमा मद्दत गर्नाको निमित्त एक अर्काको आर्थिक परिस्थितिलाई अत्यावश्यक चिज वस्तुहरू सकेसम्म बढी मात्रामा पाइने गराउनालाई प्रबन्ध गरी दिनलाई मन्जूर गर्दछन्।

सातौं दफा:— दुवै सरकारले आफ्ना दुइ मुलुकको व्यापारिक संस्थाहरूको संसर्ग बढाउनलाई मन्जूर गर्दछन्। चिजवस्तुहरूको पैठारी र निकाशीलाई सबै मुनासिब सुविधाहरू दिनालाई र खास गरी सबभन्दा किफायत र सुबिस्ता हुने ढुवानीको मार्ग र व्यवस्थाको प्रयोग सुगम गराउनालाई समेत दुवै सरकारले जिम्मावारी कबूल गर्दछन्।

आठौं दफा:— एक राष्ट्रको निजामी हवाई जहाजलाई साधारण अन्तर्राष्ट्रीय कार्यक्रम-अनुसार अर्को राष्ट्रको मुलुकमाथि उड्ने अधिकार दिइनेछ।

नवौं दफा:— जहाँसम्म यहाँ जिकर गरिएका कुराहरूको सम्पर्क छ, ती सबैमा यी सन्धिपत्रले भारतको तर्फबाट ब्रिटिश सरकारको नेपाल सरकारका बीचमा भएका

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार सबै सन्धिपत्र स्वीकारपत्र, कबोलनामाहरूलाई खारीज गर्दछ ।

दशौं दफाः— यो सन्धिपत्र दुवै सरकारले हस्ताक्षर गरेको मितिदेखि तीन महिनापछि लागू हुनेछ । यो प्रथमतः दश वर्षको अवधिलाई जारी रहनेछ । यो एक पक्षबाट कमसेकम एक वर्षको लिखित सूचना दिई यसलाई अन्त गर्ने काम भएन भने यो सन्धिपत्र फेरि अर्को दश वर्षको अवधिलाई जारी रहनेछ ।

आजमुकाम काठमाण्डूमा विक्रम सम्वत् २००७ साल श्रावण १६ गते रोज २ मुताबिक, इस्वी सन् १९५० जुलाई महिनाको ३१ तारिखका दिन यो सन्धिपत्रको दुवै प्रतिमा सहिछाप भयो, शुभम् ।

भारत सरकारको तर्फबाट नेपाल सरकारको तर्फबाट



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।